धितोपत्र सम्वन्धी ऐन २०६३ र सामुहिक लगानी कोष नियमावली, २०६७ बमोजिम नेपाल धितोपत्र बोर्डमा दर्ता भएको

प्रति इकाई मूल्य रु. १०/- दरको १०,००,००,००० (दश करोड) इकाई मध्ये न्यूनतम १,५०,००,००० (एक करोड पचास लाख) वा कुल बिक्री भएको इकाई सङ्ख्याको न्यूनतम १५ (पन्ध्र) प्रतिशत इकाई कोष प्रवर्द्धक श्री सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडलाई सुरक्षित राखी बाँकी न्यूनतम ८,५०,००,००० (आठ करोड पचास लाख) इकाई यस विवरण पुस्तिकाको शर्तानुसार सार्वजनिक रुपमा बिक्रीका लागि खुल्ला गरिएको ।

दरखास्त दिन पाउने न्यूनतम इकाई संख्या : १००
दरखास्त दिन पाउने अधिकतम इकाई संख्या : २०,००,०००

(सामूहिक लगानी कोष नियमावली, २०६७ को नियम २४ को उप-नियम ३ को बुँदा (ङ) अन्तर्गत प्रकाशित)

दरखास्तसाथ भुक्तानी गर्नुपर्ने रु.१०/- प्रति इकाईका दरले ।

कोष प्रवर्द्धक:

Citizens Bank International Ltd.
सिटिजन्स बैंक इन्टरनेसनल लि.
YOUR PARTNER FOR PROGRESS
(नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजत पत्र प्राप्त संस्था)

योजना व्यवस्थापक:

CBIL Capital Ltd.
सि वि आई एल क्यापिटल लि.
Spreading Prosperity, Enriching Lives.

सिटिजन्स म्युचुअल फण्ड

अन्तर्गत सञ्चालन हुने

सिटिजन्स म्युचुअल फण्ड - १

आह्वान पत्र

निष्कासन खुल्ला मिति : २०७४/१०/०२ गते

निष्कासन बन्द हुने मिति (छिटोमा) : २०७४/१०/०७ गते (बैंकिङ्ग समय पश्चात्)

निष्कासन बन्द हुने मिति (ढिलोमा) : २०७४/१०/१७ गते (बैंकिङ्ग समय पश्चात्)

यो विवरण पुस्तिका नभई केवल आह्वान पत्र मात्र हो ।

नेपाल धितोपत्र बोर्डबाट योजना संचालन तथा विवरण पुस्तिका स्वीकृत मिति : २०७४/०९/१७ गते ।

१. योजना सम्बन्धी संक्षिप्त जानकारी :

१	क	योजनाको नाम	**सिटिजन्स म्युचुअल फण्ड - १**
	ख	योजनाको आकार	रु. १,००,००,००,०००/- (एक अर्ब)
	ग	योजनाको प्रकार	बन्दमुखी (Close-Ended)
२	क	निष्कासन गर्न लागिएको इकाई सङ्ख्या	१०,००,००,००० (दश करोड)
	ख	प्रति इकाई मूल्य	रु. १०/- (अक्षरेपी दश)
	ग	न्यूनतम बिक्री हुनुपर्ने इकाई सङ्ख्या	५,००,००,००० (पाँच करोड)
	घ	अधिकतम सकारिने इकाई सङ्ख्या	१२,५०,००,००० (बाह्र करोड पचास लाख)
	ङ	योजनाको अवधी	७ वर्ष
	च	योजना परिपक्व हुने मिति	योजनाको इकाई बाँडफाँट भएको मितिले ७ वर्ष (उक्त अवधि पश्चात् योजनाको लगानीलाई नगदमा परिणत गरी इकाईधनीहरुलाई समानुपातिक हिसाबले प्रचलित कानून बमोजिम वितरण गरिने) ।
	छ	इकाई बिक्री केन्द्रहरु	नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त गरी आस्वा (ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालयहरु ।
	ज	आवेदकले खरिद गर्नुपर्ने न्यूनतम इकाई सङ्ख्या	१०० (एक सय)
	झ	आवेदकले खरिद गर्न सक्ने अधिकतम इकाई सङ्ख्या	२०,००,००० (बीस लाख) ।
	ञ	इकाई बिक्री तथा बाँडफाँट सम्बन्धी व्यवस्था	इकाई बिक्रीका लागि आवेदन लिने कार्य समाप्त भएपश्चात् धितोपत्र निष्कासन तथा बाँडफाँट निर्देशिका, २०७४ बमोजिम इकाईको बाँडफाँट गरिने ।
	ट	सूचिकरण तथा दोस्रो बजार कारोवार व्यवस्था	इकाईहरु नेपाल स्टक एक्सचेन्ज लि.मा सूचिकृत गरी कारोवारको व्यवस्था गरिने ।
३		योजनाको मुनाफा वितरणको लक्ष्य	योजनाले कमाएको खुद मुनाफाको अनुपातमा इकाईको अङ्कित मूल्यको आधारमा मुनाफा वितरण गरिने । सञ्चित मुनाफा (Retained Earning) पुनः लगानीका लागि उपयोग गरिनेछ ।
४		इकाई खरिद गर्न सक्ने व्यक्ति तथा संस्थाहरु	नेपाली नागरिक, गैर आवसीय नेपाली, प्रचलित कानून बमोजिम दर्ता भएका नेपाली फर्म, संघ संस्था, बैंक, वित्तीय संस्था, बीमा कम्पनी, कुनै पनि वर्ग वा समूहले खडा गरेको कोषहरु जस्तै संचयकोष, कल्याणकारी कोष, गुठी, अक्षयकोष आदिले यस विवरण पुस्तिका अनुसार जारी गरिने इकाई खरिद गर्न आवेदन दिन सक्नेछन् ।
५		योजना व्यवस्थापकको नाम तथा ठेगानाः	श्री सि.वि.आई.एल. क्यापिटल लिमिटेड, बाटुलेघर, डिल्लीबजार, काठमाडौं ।
		स्थापित ऐनः	कम्पनी ऐन, २०६३ र धितोपत्र सम्बन्धी ऐन, २०६३ ।
		दर्ता मितिः	कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता मितिः २०६२/१०/१७ (दर्ता नं. ९४५/०६२/०६३ ।
		बोर्डबाट योजना व्यवस्थापकको अनुमति प्राप्त मितिः	२०७४/०३/२० ।
६		योजना व्यवस्थापकको लेखापरीक्षकको नाम योजना व्यवस्थापकको लेखापरीक्षकको ठेगाना	सि.ए. सुजन कुमार काफ्ले । सुजन काफ्ले एण्ड एसोसिएट्स चार्टर्ड एकाउण्टेण्ट्स, पुतलीसडक-न्युप्लाजा, काठमाडौं ।
७		योजनाको लेखापरीक्षकको नाम योजनाको लेखापरीक्षकको ठेगाना	एफ.सि.ए. महेश कुमार गुरागाँई (पार्टनर) । MGS एण्ड एसोसिएट्स चार्टर्ड एकाउण्टेण्ट्स, काठमाडौं ।
८		कोष सुपरिवेक्षकको नाम तथा ठेगाना	१. विमल प्रसाद ढकाल - ठेगानाः शान्तिनगर, काठमाडौं । २. शिव प्रसाद मुनाकर्मी - ठेगानाः बानेश्वर, काठमाडौं । ३. शंकर भट्टराई - ठेगानाः डिल्लीबजार, काठमाडौं । ४. प्रकाश लम्साल - ठेगानाः नार्गाजुन, काठमाडौं । ५. दिग्विजय विष्ट - ठेगानाः कालिमाटी-१३, काठमाण्डौं ।
९		रेटिङ्ग कम्पनी तथा योजनाको रेटिङ्ग संकेत	रेटिङ्ग कम्पनी : श्री ईक्रा नेपाल लिमिटेड, काठमाडौं । योजना व्यवस्थापकको रेटिङ्ग : " [ICRANP] AMC Quality 3 (AMC 3) " कोष प्रवर्द्धकको रेटिङ्ग : "[ICRANP - IR] BBB+1 " (Moderate-credit-quality Rating)
१०		लगानीका क्षेत्रहरु	नियमावलीको नियम ३४ एवं निर्देशिकाको अधिनमा रही योजनाको इकाई बिक्रीबाट उठेको वा संकलन भएको रकम देहाय बमोजिम कुनै वा सबै क्षेत्रमा लगानी हुनेछ : १. बोर्डमा दर्ता भएको धितोपत्र । २. सार्वजनिक निष्कासन भएको धितोपत्र । ३. नेपाल स्टक एक्सचेन्ज लि. मा सूचीकृत धितोपत्र । ४. नेपाल सरकारले जारी गरेको वा नेपाल सरकारको जमानत वा पूर्ण सुरक्षित हुने गरी सरकारी स्वामित्व वा नियन्त्रणमा रहेको कुनै संस्था वा नेपाल राष्ट्र बैंकले जारी गरेको ऋणपत्र, ट्रेजरी वील तथा मुद्रा बजारका अन्य साधनहरु । ५. बैंक निक्षेप । ६. मुद्रा बजार उपकरण । ७. बोर्डले तोकिदिएको अन्य क्षेत्रहरु ।
११		योजनाको दर्ता तथा हस्तान्तरण गर्न नियुक्त डिपोजिटरीको नाम र ठेगाना	योजना व्यवस्थापक कम्पनी श्री सि.वि.आई.एल. क्यापिटल लिमिटेड, बाटुलेघर, डिल्लीबजार, काठमाडौंले नै डिपोजिटरीको कार्य गर्ने ।
१२		खुद सम्पत्ति मूल्य गणना तथा सोको प्रकाशन सम्बन्धी व्यवस्था	सामूहिक लगानी कोष निर्देशिका, २०६९ ले व्यवस्था गरे बमोजिम खुद सम्पत्ति मूल्य गणना गरिने छ जसलाई प्रचलित कानून बमोजिम सार्वजनिक गरिने छ ।

२. कोष प्रवर्द्धकसम्बन्धी जानकारी :

कोष प्रवर्द्धकको नाम : **श्री सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड**

कोष प्रवर्द्धकको संक्षिप्त इतिहासः

श्री सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६३/०६/२७ गते नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भई मिति २०६४/०१/०५ मा नेपाल राष्ट्र बैंकबाट कारोबार गर्न इजाजत प्राप्त गरि मिति २०६४/०१/०७ देखि बैंकले आफ्नो बैंकिंग कारोबार संचालन गरि रहेको छ । यस बैंकका संचालक एवं संस्थापकहरुमा बैंकिङ्ग क्षेत्र, औद्योगिक क्षेत्र, सामाजिक क्षेत्र, व्यवस्थापन, व्यापारको अलावा इन्जिनियरिङ्ग क्षेत्रमा लामो समयदेखि आवद्ध ख्याति प्राप्त लब्ध प्रतिष्ठित व्यक्तिहरु रहेका छन ।

३. कोष प्रवर्द्धकका प्रमुख उद्देश्यहरु :

बैंकको प्रबन्धपत्र अनुसार बैंकको मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेका छन् :

(क) बैंकका निक्षेपकर्ता तथा शेयरधनीको हकहितको संरक्षण र सम्वर्द्धन गर्दै सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो वित्तीय सेवा उपलब्ध गराउने,

(ख) कृषि, उद्योग, सेवा, व्यापार तथा अन्य व्यावसायिक रुपले सम्भाव्य देखिएका उत्पादनशील व्यवसायको स्थापना, विकास, विस्तार र क्षमता एवं उत्पादकत्व वृद्धिका लागि आवश्यक वित्तीय साधन आन्तरिक तथा बाह्य स्रोतबाट जुटाई देशको औद्योगिक, व्यापारिक एवं कृषि क्षेत्रको विकासमा गतिशीलता ल्याउन सहयोग पुऱ्याउने,

(ग) उपलब्ध शीप, श्रम तथा पूँजीलाई उचित परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवं रोजगारीमूलक व्यवसायको स्थापना, सञ्चालन, विकास, विस्तार एवं प्रवर्द्धन गर्ने र सो कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा ब्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिबी निवारणका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुऱ्याउने, र

(घ) मुलुकमा छरिएर रहेको पूँजीलाई एकीकृत गरी संस्थागत लगानी तथा स्वस्थ प्रतिस्पर्धाको माध्यमबाट वित्तीय मध्यस्थताको सेवा उपलब्ध गराउने ।

४. कोष प्रवर्द्धकको विगत तीन वर्षको वित्तीय विवरण :

श्री सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको विगत तीन वर्षको लेखापरीक्षण भएको समष्टिकृत वासलात, नाफा नोक्सान हिसाब, नाफा नोक्सान बाँडफाँड हिसाब तथा नगद प्रवाह विवरण तथा विगत तीन वर्षको प्रति शेयर आम्दानी (अर्निङ्ग पर शेयर) र प्रति शेयर नेटवर्थ सम्बन्धी विवरण देहाय बमोजिम रहेको छ ।

१. समष्टिकृत वासलातः

(रु. हजारमा)

पूँजी तथा दायित्व	वास्तविक		
	आ.ब.०७१/०७२	आ.ब.०७२/०७३	आ.ब.०७३/०७४
शेयर पूँजी	३,०६५,२३४	४,४०१,३१५	८,०२९,१६०
जगेडा कोषहरु	६३२,०५२	९११,८२०	१,३६३,३३२
नियन्त्रण नहुने स्वार्थ	-	३६,८६१	३४,८७४
ऋणपत्र तथा बण्ड	५००,०००	५००,०००	५००,०००
तिर्न बाँकी कर्जा सापट	९०२,०००	१,११९,०४६	१,५३८,५७८
निक्षेप हिसाब	३५,७८२,१४९	४७,३९२,९४५	५२,७०२,८७६
भुक्तानी दिनुपर्ने बिलहरू	१५,५२६	९३,२८२	६७,०४६
प्रस्तावित तथा भुक्तानी दिन बाँकी लाभांश	२६,८८८	३९,५०९	६९,२१७
आयकर दायित्व	-	-	-
अन्य दायित्व	५२६,६७१	६२३,५६६	१,८०९,७५७
जम्मा	४१,४५०,५२०	५५,११८,३४५	६६,११४,८३९

सम्पत्ति	वास्तविक		
	आ.ब.०७१/०७२	आ.ब.०७२/०७३	आ.ब.०७३/०७४
नगद मौज्दात	१,४६२,४९०	१,८८४,३७१	२०३३,१११
नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात	२,८५०,४४	३,१४९,५१५	२,८४२,४७८
बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात	१,३७२,९९५	८५९,९९५	१,७१५,७७६
माग तथा अल्प सूचनामा प्राप्त हुने रकम	९५,४२४	२४७,४४९	१५२,०५५
लगानी	५,५७७,३६६	७,५२९,४२४	८,४८०,२७८
कर्जा, सापट तथा बिल खरिद	२८,४८०,५३५	३९,६३५,४६५	४७,०७९,२१४
स्थिर सम्पत्ति	९०७,०१३	१,१०९,६४८	१,७७३,०५८
गैर बैंकिङ्ग सम्पत्ति	-	-	-
अन्य सम्पत्ति	६५६,३६५	७०२,४७८	२,०३८,८६९
जम्मा	४१,४५०,५२०	५५,११८,३४५	६६,११४,८३९

२. समष्टिकृत नाफा-नोक्सान हिसाब

(रु. हजारमा)

विवरण	वास्तविक		
	आ.ब.०७१/०७२	आ.ब.०७२/०७३	आ.ब.०७३/०७४
ब्याज आम्दानी	२,७६६,९२०	३,४४५,२२९	४,९२४,३१२
ब्याज खर्च	१,४९८,५१७	१,८२३,६८३	३,१६६,२७६
खुद ब्याज आम्दानी	१,२६८,४०३	१,६२१,५४६	१,७५८,०३६
कमिशन तथा डिस्काउण्ट	६२,४५७	९७,६७०	१६१,४२३
अन्य सञ्चालन आम्दानी	१८१,२१२	२९२,०८७	३३६,९२०
सटही घटबढ आम्दानी	९८,६६८	१४३,२९४	१८२,४९३
कुल सञ्चालन आम्दानी	१,६१०,७४०	२,१५४,५९८	२,४३८,८७२
कर्मचारी खर्च	२४७,८८०	२९६,६९६	४४५,३६१
अन्य सञ्चालन खर्च	३३४,४६८	३७६,६८५	५४७,५३२
सटही घटबढ नोक्सान	-	-	-
सम्भावित नोक्सानी ब्यवस्था अघिको सञ्चालन मुनाफा/नोक्सान	१,०२८,३९२	१,४७९,९८७	१,४४५,९७९
सम्भावित नोक्सानी ब्यवस्थाहरु	२३५,८८३	३५५,१२०	४०३,९४२
सञ्चालन मुनाफा	७९२,५०९	१,१२४,८६७	१,०४२,०३७
गैर सञ्चालन आम्दानी/(नोक्सान)	४५,९२९	१४३,४९०	५७,५६८
सम्भावित नोक्सानी ब्यवस्थाबाट फिर्ता	२३७,३९९	४३१,७३९	७१६,०३७
नियमित कारोबारबाट भएको मुनाफा	१,०७५,८३६	१,७०१,३२७	१,८१५,६४१
असामान्य कारोबारहरुबाट भएको मुनाफा/(नोक्सान)	४७,६०८	६,७१२	(८०,३५५)
सम्पूर्ण कारोबार समावेश पछिको खुद मुनाफा	१,१२३,४४५	१,७०८,०३९	१,७३५,२८७
कर्मचारी बोनस ब्यवस्था	१०२,१३१	१५३,८८६	१५८,३३२
आयकर ब्यवस्था	३०१,००५	४६२,३८६	४९७,६७९
यस वर्षको आयकर ब्यवस्था	१४६,४४७	४६८६७४	२६६,२८५
विगत वर्षसम्मको आयकर ब्यवस्था	१२०४	-	-
यस वर्षको स्थगन कर आम्दानी/खर्च	१५३,३५३	(६,२८८)	२३१,३९४
खुद नाफा/(नोक्सान)	७२०,३०९	१,०९१,७६६	१,०७९,२७६
सहायक कम्पनीको मुनाफामा नियन्त्रण नहुने स्वार्थको हिस्सा	-	३,७५८	१,३१३
खुद नाफा /(नोक्सान) सहायक कम्पनीको मुनाफामा नियन्त्रण नहुने स्वार्थको हिस्सापछि	-	१,०८८,००८	१.०७७.९६३

विगत तीन वर्षको प्रति शेयर आम्दानी (EPS) र प्रति शेयर नेटवर्थसम्बन्धी विवरणः

(रु. हजारमा)

विवरण	वास्तविक		
	आ.ब.०७१/०७२	आ.ब.०७२/०७३	आ.ब.०७३/०७४
चुक्ता पूँजी	३,०६५,२३४	४,४०१,३१५	८,०२९,१६०
जगेडा तथा कोष	६३२,०५२	९०३,९८२	१,३६३,३३२
जम्मा नेटवर्थ	३,६९७,२८६	५,३०५,२९७	९,३९२,,४९२
शेयर सङ्ख्या (लाखमा)	२५,५४३.६२	३०,६५२.३४	८०२९१.६०
प्रति शेयर नेटवर्थ (रु.)	१४४.७४	१७३.०८	११६.९७
नेटवर्थमा प्रतिफल (%)	१९.४८%	२०.३६%	२३.७१%
प्रति शेयर आम्दानी (EPS)	२८.२०	३५.२५	२७.७६

५. योजना व्यवस्थापक सम्बन्धी विवरण :

१. *योजना व्यवस्थापकको नाम :* **श्री सि.वि.आई.एल. क्यापिटल लिमिटेड**

२. *योजना व्यवस्थापक स्थापित भएको ऐन/नियमसम्बन्धी विवरण :*
योजना व्यवस्थापक कम्पनीः श्री सि.वि.आई.एल. क्यापिटल लिमिटेड, कम्पनी ऐन, २०६३ र धितोपत्र सम्बन्धी ऐन, २०६३ अन्तर्गत धितोपत्र व्यवसायीः मर्चेन्ट बैंकरको रुपमा स्थापना भएको हो ।

३. *योजना व्यवस्थापकको रजिष्टर्ड ठेगानाः*
काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ३१, बाटुलेघर, डिल्लीबजार, काठमाडौं ।

४. *योजना व्यवस्थापकको स्थापनाकालदेखि हालसम्मको संक्षिप्त इतिहास :*
श्री सि.वि.आई.एल. क्यापिटल लिमिटेड (साविकको नेशनल इन्भेष्टमेण्ट एण्ड क्यापिटल मार्केट) कम्पनी ऐन, २०६३ अन्तर्गत मिति २०६३/११/१७ मा नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको हो । साविक नेशनल इन्भेष्टमेण्ट एण्ड क्यापिटल मार्केटमा सिटिजन बैंक इन्टरनेसनल लि. को ६७ प्रतिशत हिस्सा थप भए पश्चात मिति २०७२/०६/२२ मा नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा यस कम्पनी सि.वि.आई.एल. क्यापिटलको नाममा दर्ता भएको हो । कम्पनीले धितोपत्र सम्बन्धी ऐन, २०६३ अन्तर्गत धितोपत्र व्यवसायीः मर्चेन्ट बैंकरको रुपमा कार्य गर्न नेपाल धितोपत्र बोर्डबाट मिति २०७३/०५/१६ मा अनुमतिपत्र प्राप्त गरी सोही मितिबाट मर्चेन्ट बैंकिंग सेवा प्रदान गर्दै आइरहेको छ । कम्पनीले धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक, धितोपत्र प्रत्याभूती सेवा, शेयर रजिष्ट्रार सेवा, लगानी व्यवस्थापन सेवा तथा वित्तीय परामर्श सेवा समेत प्रदान गर्दै आइरहेकोछ । साथै यस कम्पनीले मिति २०७४/०३/२० मा नेपाल धितोपत्र बोर्डबाट योजना व्यवस्थापक तथा डिपोजिटरीको कार्य गर्ने अनुमति प्राप्त गरी सिटिजन्स म्युचुअल फण्ड अन्तर्गतको पहिलो योजना सिटिजन्स म्युच्युअल फण्ड-१ को योजना ब्यवस्थापक/डिपोजिटरीको रूपमा समते कार्य गर्ने व्यहोरा अनुरोधछ ।

६. योजना व्यवस्थापकका प्रमुख उद्देश्यहरु :

प्रबन्धपत्रमा उल्लेख भएबमोजिम योजना ब्यवस्थापकका प्रमुख उद्देश्यहरु देहाय बमोजिम रहेका छन् :

१. कम्पनीका शेयरधनीको हक हितको संरक्षण र सम्बर्द्धन गर्ने ।
२. लगानीकर्ताहरुलाई धितोपत्र व्यवसायीको रूपमा गुणस्तरीय तथा भरपर्दो सेवा उपलब्ध गराउने ।
३. लगानीकर्ताहरुको पूँजी बजार तर्फको विश्वसनियता अभिबृद्धि गर्न आवश्यक कार्य सञ्चालन गर्ने ।
४. नयाँ तथा हाल कायम पूँजी बजारसँग सम्बन्धित सेवाको विकास/विस्तार गर्न नेपाल धितोपत्र बोर्डसँग आवश्यक समन्वय गर्ने तथा आवश्यकतानुसार स्वीकृति प्राप्त गरी उच्चस्तरीय सेवा प्रदान गर्ने ।
५. उपलब्ध शीप, श्रम तथा पूँजीलाई उचित परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा पूँजी बजारसँग सम्बद्ध सुविधाहरु उपलब्ध गराउन आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई देशमा पूँजी बजारको समग्र विकासका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुऱ्याउने ।

७. योजना व्यवस्थापकको भावी योजना तथा रणनीति :

(क) **व्यवसाय/ सेवा बृद्धिका लागि योजना व्यवस्थापकको भावी योजना र त्यस्तो योजनाको प्राप्तिका लागि चालिने समयवद्ध रणनीति :**
कम्पनीले बजारको अवस्था हेरी यस योजनाका अतिरिक्त अन्य विभिन्न योजनाहरुसमेत सञ्चालनमा ल्याउनेछ । बोर्डको अनुमति लिई धितोपत्र सम्बन्धी अन्य व्यवसायहरु गर्ने कम्पनीको योजना रहेकोछ । कम्पनीले समय सापेक्ष आफ्नो प्रविधि सुधार गरी नेपाल भर आफ्नो सेवा विस्तार गर्ने तथा यस क्षेत्रमा विविध नयाँ सेवा प्रदान गर्दै जाने रणनीति लिएकोछ ।

(ख) **प्रतिस्पर्धा, विद्यमान आर्थिक स्थिति र समान किसिमको उद्योगको स्थितिको आधारमा योजना ब्यवस्थापकको ब्यवसायको भविष्य :**
नेपाली पूँजी बजारमा सामूहिक लगानी कोषको अवधारणा हालसालै विकास भएको हो । यस प्रकारको सेवा प्रदान गर्न स्थापित कम्पनीहरु सेवाको प्राथमिक चरणमै रहेका छन् । यस कम्पनीले आफ्नो क्षेत्रमा प्रतिस्पर्धी रहन आवश्यक रणनीति तयार गरेकोछ । कम्पनीले आफ्नो लगानीमा रहेका जोखिमहरु कम गरी भविष्यमा पूँजी बजारमा महत्वपूर्ण स्थान लिने विश्वास लिइएकोछ । बजारमा संस्थागत लगानीकर्ताको सहभागिता न्युन रहेको वर्तमान अवस्थामा यसले धितोपत्रको बजार मूल्यमा आउन सक्ने अस्वभाविक उचार चढावलाई सन्तुलनमा ल्याउने तथा जनसाधारणको लगानीलाई उचित तवरले ब्यवस्थापन गरी उनीहरुलाई उचित प्रतिफल प्रदान गर्ने र सो बाट धितोपत्र बजारमा जनसाधारणको सहभागितामा अभिबृद्धि गरी समग्र धितोपत्रको विकासमा सघाउ पुऱ्याउने छ । साथै यस प्रकारको ब्यवसायमा सि.वि.आई.एल. क्यापिटल लि. एक ब्यवसायीक तथा प्रतिस्पर्धि संस्थाको रुपले अगाडि बढ्नेछ ।

८. योजना व्यवस्थापकको सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था :

कम्पनीको सञ्चालक समितिको संरचना तथा प्रतिनिधित्व देहाय बमोजिम रहेकोछ :

क्र.सं.	विवरण	सङ्ख्या
१	सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडबाट प्रतिनिधिहरु	३ जना
२	स्वतन्त्र व्यवसायिक सञ्चालकहरु	२ जना
३	अन्य/महिला सञ्चालक	१ जना
	जम्मा	६ जना

९. योजना व्यवस्थापकको पूँजी संरचना (अधिकृत पूँजी, जारी पूँजी तथा चुक्ता पूँजी) सम्बन्धी जानकारी :

(क) **अधिकृत पूँजी :** २०,००,००० कित्ता शेयरको प्रति शेयर रु.१००/- का दरले रु.२०,००,००,०००/- (अक्षरेपी बीस करोड) रहेको छ ।
(ख) **जारी पूँजी :** २०,००,००० कित्ता शेयरको प्रति शेयर रु.१००/- का दरले रु. २०,००,००,०००/- (अक्षरेपी बीस करोड) रहेको छ ।
(ग) **चुक्ता पूँजी :** १६,००,००० कित्ता शेयरको प्रति शेयर रु.१००/- का दरले रु. १६,००,००,०००/- (अक्षरेपी सोह्र करोड) रहेको छ ।

१०. योजना व्यवस्थापकको संस्थापक तथा सञ्चालक सम्बन्धी जानकारी :

क) संस्थापक शेयरधनीहरुको नाम, ठेगाना, राष्ट्रियता, शेयर स्वामित्व, शैक्षिक योग्यता, अनुभव (चुक्ता पूँजीको आधारमा):

क्र.सं.	नाम	ठेगाना	राष्ट्रियता	शेयर स्वामित्व प्रतिशत
१.	श्री सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड	नाराहिटीमार्ग, काठमाडौं	नेपाली	६७%
२.	श्री नागरिक लगानी कोष	न्यु बानेश्वर, काठमाडौं	नेपाली	४.६९%
३.	श्री ध्रुव कुमार श्रेष्ठ	ललितपुर, सानेपा	नेपाली	४%
४.	श्री प्रदीप जङ्ग पाण्डे	काठमाडौं-१६	नेपाली	४%
५.	श्री रवि भक्त श्रेष्ठ	ललितपुर, सानेपा	नेपाली	२.७५%
६.	श्री रविन्द्र भक्त श्रेष्ठ	ललितपुर, सानेपा	नेपाली	२.६७%
७.	श्रीमति सुभद्रा श्रेष्ठ	ललितपुर, सानेपा	नेपाली	२.३९%
८.	श्री अनिल दास श्रेष्ठ	ललितपुर, सानेपा	नेपाली	२.०४%
९.	श्री राम काजी कोन	काठमाडौं-४	नेपाली	१.७०%
१०.	श्री प्रसिद्ध बहादुर पाण्डे	लाजिम्पाट-२, काठमाडौं	नेपाली	१.५२%
११.	श्री आजाद श्रेष्ठ	नक्साल, काठमाडौ	नेपाली	१.१०%
१२.	श्री नरेन्द्र बज्राचार्य	काठमाडौं-३	नेपाली	१.०८%
१३.	श्री उमेश श्रेष्ठ	ललितपुर-३	नेपाली	१.०२%
१४.	श्री किशोर भक्त श्रेष्ठ	ललितपुर-३	नेपाली	०.६३%
१५.	श्री सुनिल शाक्य	काठमाडौं	नेपाली	०.४८%
१६.	श्री नारायण दास मानन्धर	काठमाडौं-१६	नेपाली	०.०८%
१७.	श्री कर्मचारी सञ्चय कोष	त्रिदेवीमार्ग, ठमेल, काठमाडौं	नेपाली	२.८६%
				१००%

ख) सञ्चालकहरुको नाम, पद, उमेर, ठेगाना, राष्ट्रियता, शैक्षिक योग्यता र अनुभव :

क्र.सं.	नाम	पद	उमेर (बर्ष)	ठेगाना	राष्ट्रियता	शैक्षिक योग्यता	अनुभव
१	श्री गणेश राज पोखरेल	अध्यक्ष	४८	सैंबु-४,काठमाडौं	नेपाली	ई.एम.बि.ए, एम.बि.ए,बि.एल.	१० वर्षभन्दा बढी बैंकिङ्ग क्षेत्रमा अनुभव साथै १२ बर्षभन्दा बढी म्यानेजमेन्ट एसेसिएसन नेपालको उच्च तहमा आबद्ध ।
२	श्री बोधराज देवकोटा	सञ्चालक	४५	गंगबु-३,काठमाडौं	नेपाली	एम.बि.ए.	२२ वर्षभन्दा बढी बैंकिङ्ग क्षेत्रमा अनुभव ।
३	श्री रामधन श्रेष्ठ	सञ्चालक	६५	सिम्रिक-१०, काठमाडौं	नेपाली	डिप्लोमा इन विजनेश एडमिनिट्रेशन एण्ड कमर्श	३१ वर्षभन्दा बढी बैंकिङ्ग क्षेत्रमा अनुभव ।
४	श्री विनय कुमार शर्मा	स्वतन्त्र सञ्चालक	५६	सैंबु, भैसिपाटी, ललितपुर	नेपाली	एम.वि.ए.	- मञ्जुश्री फाइनान्स लि. को संचालक पदमा रही १० वर्षको कार्यानुभव । - एपेक्स कलेज, नयाँ बानेश्वर, काठमाडौंमा विगत ७ वर्षदेखि संचालकको रुपमा कार्यानुभव ।
५	श्री भोला प्रसाद पाण्डे	स्वतन्त्र सञ्चालक	४७	नुवाकोट, काठमाडौं	नेपाली	एम.बि.ए	शिक्षण पेशामा क्याम्पस प्रमुख तथा विभागीय प्रमुख गरी १४ वर्षभन्दा बढीको अनुभव ।

११. योजना व्यवस्थापकको उच्च व्यवस्थापकीय तहका कर्मचारीहरुको नाम, पद, उमेर, शैक्षिक योग्यता, व्यवसायिक अनुभवसम्बन्धी विवरण :

क्र.सं.	नाम	पद	उमेर (बर्ष)	शैक्षिक योग्यता	अनुभव (सम्बन्धित वा अन्य)
१.	श्री समिर प्रसाद दहाल	प्रमुख कार्यकारी अधिकृत/ कम्पनी सचिव	४०	सि.ए. बि.कम., सि.टि.एम.	- सि.वि.आई.एल. क्यापिटल लि. मा प्रमुख कार्यकारी अधिकृतमा १ बर्षभन्दा बढीको अनुभव । - सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडमा मार्च १५,२०१२ देखि १९ मार्च २०१६ सम्म संचालन तथा वित्त प्रमुख भै कार्यरत । - हिमालयन बैंक लि. मा फेब्रुवरी २१, २००५ देखि मार्च १४, २०१२ सम्म आन्तरिक लेखा परिक्षक विभागमा अधिकृत स्तरको अनुभव ।
२.	श्री नलिना श्रेष्ठ	ना. प्रमुख कार्यकारी अधिकृत	४४	बि.ए.	- सि.वि.आई.एल. क्यापिटल लिमिटेडमा मिति २०७३/०४/१५ गतेदेखि नायब प्रमुख कार्यकारी अधिकृतको रुपमा कार्यरत । - ग्लोबल आइएमई क्यापिटल (साविक एलिट क्यापिटल लि.) मा मिति २०६५ आश्विन २ गतेदेखि २०७३ आषाढ मसान्तसम्मको कार्यानुभव । - ललितपुर फाइनान्स लि.मा २ वर्षको कार्यानुभव । - एन.आई.डि.सी. क्यापिटल मार्केट्स लि. मा बाह्र बर्षको कार्यानुभव ।
३.	श्री अनुज दुलाल	प्रमुख-लगानी	२६	एम.बि.एस.	- सि.बि.आई.एल. क्यापिटल लिमिटेडमा मिति २०७३/०४/१५ गतेदेखि प्रमुख - लगानी विभागमा कार्यरत । - नबिल इन्भेष्टमेन्ट बैकिङ्ग लि. मा एक बर्षको सम्बन्धित क्षेत्रमा कार्यानुभव । - युनाइटेड इन्स्योरेन्स कं.(नेपाल) लि. मा दुई बर्षको इन्स्योरेन्स क्षेत्रको कार्यानुभव ।
४.	श्री मनिष भण्डारी	प्रमुख-लेखा तथा प्रशासन विभाग	२८	बि.बि.एस. बि.कम.	- सि.बि.आई.एल क्यापिटल लि. मा प्रमुख लेखा तथा प्रशासन विभागमा १ बर्षको अनुभव । - लेखा सम्बन्धि तीन बर्षको अनुभव हासिल गरेको ।
५.	श्री गौरव पौडेल	प्रमुख - अनुसन्धान विभाग	२९	एसिसिए & एमपिए	- LDSA & Associates Chartered Accountants मा २ वर्षको वरिष्ठ Associates को रुपमा कार्यानुभव । - Mainachuli Construction मा करीव १४ महिनाको लेखा सम्वन्धी कार्य गरेको कार्यानुभव । - Ali Bin Ali Establisment (Qatar) मा सहायक लेखाको रुपमा मिति २०६८ देखि २०७० सालसम्म २ वर्षको कार्यानुभव ।

१२. योजना व्यवस्थापकको वित्तीय विवरण :

क. वासलात

विवरण	वास्तविक (रु.)		
सम्पत्ति	आ.ब.०७१/०७२	आ.ब.०७२/०७३	आ.ब.०७३/०७४
नगद मौज्दात	६,६८,५६१	१२,४२,६५५	६८,०७,५९,१५०
दलालबाट भूक्तानी लिन बाँकी रकम	-	-	१३,५८,१४०
लगानी	३,१४,८९,१९१	११,८३,८६,८३२	९,७४,५७,५०८
अग्रिम भूक्तानी, सापटी र पेश्की	२९,०९,९६५	३३,७९,८८९	६२,५२,७६७
अन्य भूक्तानी लिन बाँकी रकम	३,९३,४०१	५,३०,३०७	२,७०,१७,९३३
स्थिर सम्पत्ति	६५,३८४	१७,१०,९०६	७२,६२,४०४
अमुर्त सम्पत्ति	१,२१५	८९,३००	६,६७,१९५
स्थगन कर सम्पति	५२,३००	-	-
कूल सम्पत्ती (क)	३,५५,८०,०१७	१२,५३,३९,८८९	८२,०७,७५,०९७
दायित्व			
भूक्तानी दिन बाँकी रकम तथा अन्य दायित्व	२२,६९,३३४	१,३६,४०,२८३	७१,४८,११,१३०
स्थगन कर दायित्व	-	-	२,८५,०२५
कूल दायित्व (क)	२२,६९,३३४	१,३६,४०,२८३	७१,५०,९६,१५५
पूँजी			
शेयर पूँजी	३,३०,००,०००	१०,००,००,०००	१०,००,००,०००
जगेडा तथा कोष	३,१०,६८३	१,१६,९९,६०६	५६,७८,९४३
कूल पूँजी (ख)	३,३३,१०,६८३	११,१६,९९,६०६	१०,५६,७८,९४३
कूल पूँजी तथा दायित्व (क + ख)	३,५५,८०,०१७	१२,५३,३९,८८९	८२,०७,७५,०९८

ख. नाफा नोक्सान हिसाब

विवरण	वास्तविक (रु.)		
सम्पत्ति	आ.ब.०७१/०७२	आ.ब.०७२/०७३*	आ.ब.०७३/०७४*
आम्दानी			
ब्याज आम्दानी	१८,६८,२५०	१७,७८,३९४	१५,४०,४८३
लाभांश आम्दानी	-	४८,६६०	२८,७५,७१०
अन्य सञ्चालन आम्दानी	७,५७,०३५	२,००,४७,५०४	२,४५,६१,६२८
कूल आम्दानी	२६,२५,२८५	२,१८,७४,५५८	२,८९,७७,८२१
खर्च			
कर्मचारी खर्च	६०४,१२०	१४,९३,६६८	६३,५६,२९४
ह्रास कट्टी	२२,२००	१,५२,०५०	९,५०,७३०
बैठक भत्ता	-	१,९०,०००	३९०,०००
कानूनी तथा परामर्श सेवा	-	११,६५,६५०	८९,८६,५८७
कारोबार शूल्क	-	१७,९४,४५८	११,३८,२३८
अन्य खर्च	१६,९७,७२५	१७,९०,४३३	४९,७२,६१४
कूल खर्च	२३,२४,०४५	६५,८६,२५९	२,२७,९४,४६३
कुल सञ्चालन आम्दानी	३,०१,२४०	१,५२,८८,२९९	६१,८३,३५८
ब्याज खर्च	-	-	९७१,५१४
कूल बित्तिय खर्च	-	-	९७१,५१४
कर्मचारी बोनस ब्यबस्था	३१,४२२	-	-
आयकर खर्च	६८,००१	३८,९९,३७५	१२,३२,५०८
खुद नाफा/नोक्सान	२०१,८१७	१,१३,८८,९२४	३९,७९,३३७

नोटः *आ.ब. २०७२/०७३ को नाफा-नोक्सान हिसाब NFRS द्वारा प्रमाणित गरिएको तथा आ.ब. २०७१/०७२ को नाफा नोक्सान हिसाब नेपाल वित्तीय प्रतिवेदनमान अनुसार तयार गरिएको ।

१३. कोष सुपरिवेक्षकको व्यवसायिक अनुभव, मुख्य पेशा व्यवसाय तथा हाल कायम रहेको जिम्मेवारी :

क्र.सं.	नाम	व्यवसायिक अनुभव	मुख्य पेशा व्यवसाय	हाल कायम रहेको जिम्मेवारी
१.	श्री विमल प्रसाद ढकाल	सरकारी सेवामा ३० बर्ष कार्य गरी सहसचिवको पदबाट अवकाश प्राप्त ।	अवकाश प्राप्त	Better Nepal - Secretary
२.	श्री शिव प्रसाद मुनाकर्मी	त्रिभुवन विश्व विद्यालयमा विगत ३५ बर्षदेखि संलग्न ।	प्राध्यापक	अध्यक्ष - पदपुर्ति समिति काठमाडौं महानगर पालिका ।
३.	श्री शंकर भट्टराई	२२ वर्षभन्दा बढी बैंकिङ्ग क्षेत्रमा अनुभव ।	प्राध्यापक	प्राध्यापक प्रेशिडेन्ट बिजनेस स्कूल ।
४.	श्री प्रकाश लम्साल	लेखा परीक्षण कार्यमा १५ वर्षभन्दा बढीको व्यावसायिक अनुभव ।	चार्टर्ड एकाउन्टेन्सी	पि. लम्साल एण्ड कम्पनी, चार्टर्ड एकाउन्टेन्टस् ,पार्टनर, पि.एल.आर. जी. श्रेष्ठ एण्ड कम्पनी, चार्टर्ड एकाउन्टेन्टस् ।
५.	श्री दिग्विजय विष्ट	वित्तीय तथा पूँजी बजार क्षेत्रमा १२ वर्षभन्दा बढीको अनुभव ।	व्यवसायी	क्यालिवर वचत तथा ऋण सहकारी संस्था तथा अन्य व्यवसायमा संलग्न ।

१४. योजना सम्बन्धमा कोष सुपरिवेक्षकको भूमिका :

प्रचलित कानुनको अधीनमा रही योजना सञ्चालन गर्न योजनाको विवरण पुस्तिकाको अध्ययन गरी सहमतिका लागि पठाउन अनुमोदन गर्ने, योजना ब्यवस्थापकले प्रचलित कानुन तथा सम्झौता बमोजिम कोषको ब्यवस्थापन गरेको छ भन्ने कुरा सुनिश्चित गर्ने, सहभागीको हित संरक्षण गर्ने, योजना ब्यवस्थापक तथा डिपोजिटरीको काम कारवाहीको सुपरिवेक्षण गर्ने, योजनाको खुद सम्पत्ति मूल्यको जाँच गर्ने, योजना अन्तर्गतका सम्पत्ति तथा कागजातहरु सुरक्षितसाथ राखिए नराखिएको सुपरिवेक्षण गर्ने, बोर्डबाट स्वीकृत योजना बमोजिम योजना सञ्चालनभए नभएको सुपरिवेक्षण गर्ने, योजना ब्यवस्थापकले राखेको अभिलेख दुरुस्त रहे नरहेको सुपरिवेक्षण गर्ने, योजना सम्बन्धमा प्राप्त गुनासाहरु समाधान भए नभएको सुपरिवेक्षण गर्ने, योजना ब्यवस्थापन सम्बन्धी प्रतिवेदन तयार गरी समय समयमा बोर्डमा पेश गर्ने, योजना ब्यवस्थापकसँग योजना ब्यवस्थापकले गरेको काम कारवाहीबारे कुनै विवरण वा जानकारी माग गर्न सक्ने, माग गरिएको विवरण वा जानकारीबाट वा अन्य कुनै श्रोतबाट योजना ब्यवस्थापकको काम कारवाहीमा अनियमितता देखिएमा वा काम कारवाही सन्तोषजनक नदेखिएमा त्यस्तो काम कारवाही रोक्न वा सन्तोषजनक रुपमा सम्पादन गर्न योजना ब्यवस्थापकलाई निर्देशन दिन सक्ने, दिइएको निर्देशन योजना ब्यवस्थापकले पालना नगरेमा सोको जानकारी बोर्डलाई दिने, योजना ब्यवस्थापकले ऐन वा नियमावलीको उल्लङ्घन गरेमा वा आफ्नो निर्देशन बारम्बार उल्लङ्घन गरेमा योजना ब्यवस्थापक परिवर्तन गर्ने आदेश जारी गर्न बोर्डलाई अनुरोध गर्न सक्ने लगायतको भूमिका कोष सुपरिवेक्षकबाट निर्वाह हुनेछ ।

१५. योजनाको उद्देश्य :

इकाई बिक्रीबाट सङ्कलित रकम योजना ब्यवस्थापकले दक्षतापूर्वक योजनाले तोकेको लगानीका क्षेत्रहरुमा लगानी गरी आवेदकहरुलाई उच्च प्रतिफल दिई धितोपत्र बजारको दिगो विकासमा समेत एक संस्थागत लगानीकर्ताको हैसियतमा सघाउ पुऱ्याउने उद्देश्यले यस योजनाको इकाईहरु निष्कासन गरिएको हो ।

१६. योजनाले लगानी गर्ने क्षेत्र :

नियमावली एवं निर्देशिकाको अधीनमा रही योजनाको रकम देहायबमोजिम लगानी हुनेछ :

१. स्टक एक्सचेन्जमा सूचिकृत भएका धितोपत्रहरुमा (सार्वजनिक निष्कासन सहितका) : ८६ प्रतिशतसम्म ।
२. ऋणपत्र, सरकारी सुरक्षणपत्र तथा अन्य मुद्रा बजार उपकरणहरुमा : १४ प्रतिशतसम्म ।
३. बोर्डबाट स्वीकृति लिई लगानी गरिने अन्य क्षेत्रहरुमा : बोर्डबाट स्वीकृति प्राप्त भए अनुरुपको प्रतिशतमा ।

द्रष्टव्यः उल्लेखित क्षेत्रमा लगानी गर्दा नियमावलीको ब्यवस्थालाई मध्यनजर गरी प्रतिफलको आधारमा एक क्षेत्रको लगानीलाई अन्य क्षेत्रको लगानीमा सार्न सकिनेछ ।

१७. खुद सम्पत्ति मूल्य गणना तथा सोको प्रकाशन सम्बन्धी व्यवस्था:

१ ***खुद सम्पत्ति मूल्य गणना गर्ने विधिः***
प्रति इकाई खूद सम्पत्ति मूल्य (नेट एसेट भ्यालु) कायम गर्दा योजनाको मूल्याङ्कन गर्ने मितिमा कायम रहेको सम्पूर्ण सम्पत्तिलाई कुल इकाई सङ्ख्याले भाग गरी प्रति इकाई खूद सम्पत्ति मूल्य कायम गरिनेछ । खूद सम्पत्ति मूल्याङ्कन गर्ने सूत्र देहाय बमोजिम हुनेछ :

$$\textbf{प्रति इकाई खूद सम्पत्ति मूल्य} = \frac{\text{मूल्याङ्कन मितिमा लगानीको मूल्य + प्राप्त हुन बाँकी प्रतिफल वा आय तथा अन्य रकमहरु − तिर्न बाँकी दायित्व तथा अन्य रकमहरु}}{\text{मूल्याङ्कन मितिमा योजना अन्तर्गतको कुल इकाई सङ्ख्या}}$$

२ ***खुद सम्पत्ति मूल्य प्रकाशनसम्बन्धी व्यवस्थाः***
योजनाको इकाई बाँडफाँट भएको ३० दिनभित्र योजना ब्यवस्थापकले पहिलो पटक खुद सम्पत्ति मूल्य निर्धारण गरी सार्वजनिक गर्नेछ । ततपश्चात सामूहिक लगानी कोष नियमावली, २०६७ को ब्यवस्था बमोजिम प्रत्येक हप्ता खुद सम्पत्ति मूल्य योजना ब्यवस्थापकको वेवसाईट www.cbilcapital.com मा सार्वजनिक गरिनेछ । साथै योजना ब्यवस्थापकले योजनाको लगानीको विवरण त्रैमासिक रुपमा आफ्नो वेवसाईटमा राखी सार्वजनिक गर्ने तथा वार्षिक रुपमा योजनाको लेखापरीक्षण गराई सोसम्बन्धी विवरण सार्वजनिक गर्नेछ । खुद सम्पत्ति मूल्य तथा योजनाको कार्यसम्पादन सार्वजनिक गर्ने सम्बन्धमा अन्य ब्यवस्था प्रचलित कानुन तथा बोर्डको निर्देशन बमोजिम हुनेछ ।

१८. योजनाको वित्तीय प्रक्षेपण सम्बन्धी विवरण:

क) वासलात *(रु. हजारमा)*

विवरण	बर्ष १	बर्ष २	बर्ष ३	बर्ष ४	बर्ष ५	बर्ष ६	बर्ष ७
कोषका श्रोतहरु							
इकाई पूँजी	१,०००,०००.००	१,०००,०००.००	१,०००,०००.००	१,०००,०००.००	१,०००,०००.००	१,०००,०००.००	१,०००,०००.००
बचत तथा जगेडा	३६,१७६.५८	१३९,७५५.९१	२२६,१८०.७४	३४९,४११.०३	४६२,७७५.४५	८२१,२०६.७९	१,५०४,४९६.४०
चालु दायित्व	७१,२५०.७६	८५,७३५.६२	१००,४००.६१	१२८,०८८.०४	१५२,८५७.१२	२२५,८८०.४५	११२,५७२.०४
कूल (क)	१,१०७,४२७.३५	१,२२५,४९१.५३	१,३२६,५८१.३५	१,४७७,४९९.०७	१,६१५,६३२.५७	२,०४७,०८७.२५	२,६१७,०६८.४४
कोष उपयोग							
लगानी	९६८,८२८.००	१,०५७,३१३.५०	१,०९४,५२८.३१	१,२२७,७२५.३८	१,४३६,७०१.८५	१,८०१,४४७.१५	२,३५४,३७२.४०
चालु सम्पत्ति	१३८,५९९.३५	१६८,१७८.०४	२३२,०५३.०४	२४९,७७३.६९	१७८,९३०.७२	२४५,६४०.०९	२६२,६९६.०४
कूल (ख)	१,१०७,४२७.३५	१,२२५,४९१.५३	१,३२६,५८१.३५	१,४७७,४९९.०७	१,६१५,६३२.५७	२,०४७,०८७.२५	२,६१७,०६८.४४

ख) नाफा नोक्सान हिसाब *(रु. हजारमा)*

विवरण	बर्ष १	बर्ष २	बर्ष ३	बर्ष ४	बर्ष ५	बर्ष ६	बर्ष ७
आम्दानी							
ब्याज आम्दानी	३९,७९१.१५	२३,८८२.८५	१८,४१२.६३	२०,२७४.३६	२३,७२५.३५	१५,९६३.२०	१०,६६२.९२
नगद लाभांश	२३,७२६.४०	२९,८५३.५६	४०,९१६.९५	४५,०५४.१४	४२,१७८.४०	१८९,९६२.०८	२ ५३,७७७.४६
बोनस सेयर (प्राप्त)	२९,६५८.००	३७,३१६.९५	८१,८३३.८९	९०,१०८.२९	१०५,४४६.०१	१८९,९६२.०८	२५३,७७७.४६
पूँजीगत लाभ	१४,८२९.००	३७,३१६.९५	६१,३७५.४२	९०,१०८.२९	१०५,४४६.०१	१३५,६८७.२०	१८१,२६९.६१
ब्याज आम्दानी (कल खाता)	१,४८२.९०	१,४९२.६८	१,५३४.३९	१,६८९.५३	१,९७७.११	१,५९६.३२	४,२६५.१७
कूल (क)	१०९,४८७.४५	१२९,८६२.९८	२०४,०७३.२७	२४७,२३४.६१	२७८,७७२.८८	५३३,१७०.८९	७०३,७५२.६२
खर्चहरु							
योजना ब्यवस्थापन	१५,५४२.६४	१७,०९६.३३	१८,३९२.७२	२०,२४१.२३	२९,२५५.७८	३६,४२४.५७	३७,५६७.५०
कोष सूपरिवेक्षण शुल्क	१,५००.००	१,५००.००	६,१३०.९१	६,७४७.०८	७,३१३.९४	९,१०६.१४	१२,५२२.५०
डिपोजिटरी	५,१८०.८८	५,६९८.७८	६,१३०.९१	६,७४७.०८	७,३१३.९४	९,१०६.१४	१२,५२२.५०
ब्रोकेज शुल्क	४,७४५.२८	५,९७०.७१	६,५४६.७१	७,२०८.६६	८,४३५.६८	१०,८५४.९८	१४,५०१.५७
लेखापरीक्षण शुल्क	१००.००	१००.००	११०.००	११०.००	११०.००	१२१.००	१२१.००
सूचिकरण तथा नविकरण खर्च	८००.००	५०.००	५०.००	५०.००	५०.००	५०.००	५०.००
योजना दर्ता	१,०००.००	-	-	-	-	-	-
सुचना तथा विज्ञापन खर्च	५०.००	५०.००	५०.००	५०.००	५०.००	५०.००	५०.००
कानुनी परामर्श खर्च	७२.००	७२.००	७९.२०	७९.२०	८७.१२	८७.१२	९५.८३
निष्कासन खर्चहरु : छपाई तथा मसलन्ध ४,०००/- विज्ञापन-योजना ५००/- निकाष्सन व्यवसथापक कमिसन २,०००/- इकाइ वितरण खर्च १,७००/- सि. डि. एस. शुल्क १,०००/- बितरक कमिशन ४००/- ९,६००/-	९,६००.००						
कूल (ख)	३८,५९०.८०	३०,५३७.८२	३७,४९०.४४०	४१,२३३.२५	५२,६१६.४७	६५,७९९.९४	७७,४३०.८९
सञ्चालन मुनाफा/(नोक्सान) (क)-(ख)	७०,८९६.६४	९९,३२५.१५	१६६,५८२.८२	२०६,००१.३५	२२६,१५६.४१	४६७,३७०.९४	६२६,३२१.७२
आयकर व्यवस्था	४,३७८.०६	८,०३८.६६१	१०,९५७.९९	१७,७०९.७३	१९,६३३.००	६९,३५२.२२	९३,१३६.०७
नाफा /(नोक्सान)	६६,५१८.५८	९१,२८६.४८	१५५,६२४.८३	१८८,२९१.६२	२०६,५२३.४१	३९८,०१८.७३	५३३,१८५.६६
प्रस्तावित लाभाँश	६०,०००.००	७०,०००.००	८०,०००.००	१००,०००.००	१२०,०००.००	१४०,०००.००	-
सञ्चालन मुनाफा/(नोक्सान)	६,५१८.५८	२१,२८६.४८	७५,६२४.८३	८८,२९१.६२२	८६,५२३.४११	२५८,०१८.७३	५३,३१८५.६५
सञ्चालन मुनाफा/(नोक्सान)							
वासलातमा सारिएको	६,५१८.५८	२७,८०५.०३	१०३,४२९.९०	१९१,७२१.५२	२७८,२४४.९३	५३६,२६३.६७	१,०६९,४९९.३२

द्रष्टव्यः योजना ब्यवस्थापकले तयार गरेको माथिको प्रक्षेपण सुजन काफ्ले एण्ड एसोसिएटस् चार्टर्ड एकाउण्टेण्टका सि.ए. सुजन कुमार काफ्लेबाट प्रमाणित गर्नु भएकोछ ।

१९. योजनाको मुनाफा वितरणको लक्ष्य :

योजनाले कमाएको खुद मुनाफाको अनुपातमा इकाईको अङ्कित मूल्यको आधारमा मुनाफा वितरण गरिनेछ । खुद मुनाफामध्ये आवश्यकतानुसार सञ्चित मुनाफा (Retained Earning) पुनः लगानी गरिनेछ ।

२०. लगानी तथा लाभांशका सम्बन्धमा लागू हुने करसम्बन्धी व्यवस्था :

प्रचलित कानुनले निर्धारण गरे बमोजिम हुनेछ ।

२१. योजनामा अर्न्तनिहित जोखिम तथा सोको व्यवस्थापनको लागि व्यवस्थापनको धारणा :

क) सामान्य जोखिम तत्वहरुः

(१) **सामूहिक लगानी कोषमा गरिने लगानी धितोपत्र बजारको जोखिमसँग भरपर्ने हुँदा नाफा हुने तथा सहभागीले लिएको उद्देश्य पूरा हुने कुराको कुनै निश्चितता नहुने सम्बन्धमा :**
सामूहिक लगानी कोष अन्तर्गत योजनाको लगानी धितोपत्र बजार लगायत अन्य विभिन्न क्षेत्रमा प्रवाह गरिने हुँदा धितोपत्र बजार तथा त्यस्तो लगानीमा निहित जोखिमले योजनाको लगानीको प्रतिफलमा प्रत्यक्ष असर पर्दछ ।

(२) **धितोपत्रमा हुने लगानी जस्तै योजनाको इकाईहरुको खुद सम्पत्ति मूल्य बजार मूल्यको आधारमा घटबढ हुने सम्बन्धमा :**
योजनाको खुद सम्पत्ति मूल्य योजनाले गरेको लगानीको मूल्याङ्कनबाट गणना गरिएको हुन्छ । यसको लगानीमध्ये धितोपत्र बजारमा सूचिकृत धितोपत्रहरुमा गरेको लगानीको सम्पत्ति मूल्यमा त्यस्ता धितोपत्रको मूल्यमा हुने उतार चढावले प्रभाव पार्ने हुँदा योजनाको खुद सम्पत्ति मूल्यमा समेत त्यसको प्रत्यक्ष प्रभाव रहने गर्दछ र सोही बमोजिम घटबढ हुने गर्दछ ।

(३) **कोष प्रवर्द्धक, सुपरिवेक्षक वा योजना ब्यवस्थापकको बिगतको कार्यले निजहरुको भविष्यको कामको लागि निर्देशन वा सङ्केत गर्दैन भन्ने सम्बन्धमा :**
योजना ब्यवस्थापकले बजारको विद्यमान अवस्थाको विश्लेषण गरी स्वतन्त्र रुपमा योजनाको सञ्चालन तथा ब्यवस्थापन गर्ने र प्रचलित कानून बमोजिम यसको हिसाब किताव समेत छुट्टै रुपमा राख्ने र सोको नियमित रिपोर्टिङ्ग गर्ने गर्दछ । योजनाको रकम लगानी गर्दा योजना ब्यवस्थापकको दक्षताले योजनाको कार्यसम्पादनको स्तर (Performance Level) निर्धारण गर्ने भए तापनि कोष प्रवर्द्धक, योजना ब्यवस्थापक तथा कोष सुपरिवेक्षकको विगतको कार्यले यस योजनाको नतिजालाई सङ्केत वा निर्देशन गर्दैन ।

(४) **कोष प्रवर्द्धकले योजनामा कुनै हानी नोक्सानी भएमा सोको जिम्मेवारी लिने छैन भन्ने सम्बन्धमा :**
योजनाको सञ्चालन तथा ब्यवस्थापन प्रचलित कानुनको अधिनमा रही योजना ब्यवस्थापकले नै गर्दछ । योजनामा कुनै प्रकारको हानी नोक्सानी भएमा सोको जिम्मेवारी कोष प्रवर्द्धकले लिँदैन ।

(५) **यस योजनाले भविष्यमा राम्रो गर्ने र मुनाफा दिने कुराको सुनिश्चितता गर्दैन भन्ने सम्बन्धमा :**
यस योजना अन्तर्गत इकाईहरु निष्कासन गरी संकलन गरिएको रकम विभिन्न क्षेत्रमा लगानी गरिन्छ । योजना ब्यवस्थापकले आफ्नो दक्षताको उपयोग गरी लगानी जोखिम कम गर्ने तथा मुनाफा बृद्धि गर्ने विषयलाई दृष्टिगत गरी कोषको सुब्यवस्थापन गर्ने भएतापनि योजनाले भविष्यमा राम्रो गर्ने वा मुनाफा दिने कुराको सुनिश्चितता भने गर्दैन ।

(ख) खास जोखिम तत्वहरु :

(१) **प्रस्तुत योजना निश्चित रुपमा मुनाफा फिर्ता दिने वा कुनै बैंक वा बिमाबाट मुनाफाको सुनिश्चितता भए नभएको के हो सो सम्बन्धमा :**
यस योजना अन्तर्गत लगानी गर्ने लगानीकर्ताहरुले इकाईको अङ्कित मूल्यमा लगानी गरेको अनुपातमा योजनाले कमाएको खुद मुनाफाको आधारमा नगद लाभाँश पाउने छन् । यस्तो लाभाँश योजनाले आफ्नो लगानी वापत प्राप्त गर्ने पूँजीगत मुनाफा, ब्याज, लाभाँश, शेयर प्रत्याभूति कमिशन वा सम्पत्तिको मूल्य वृद्धि (capital gain) वा अन्य वित्तीय कारोवारबाट प्राप्त भएको आम्दानीबाट दिनेछ । प्रत्येक आर्थिक वर्षमा योजनाले खुद मुनाफाबाट लाभाँश दिने निर्णय गर्नेछ । खुद मुनाफाबाट लाभाँश कट्टा गरी बाँकी रहेको रकम सञ्चित मुनाफा (retained earning) को रुपमा रहनेछ । कुनै वर्ष योजनाको आम्दानीले लाभाँश वितरण गर्न नसक्ने अवस्था आएमा सञ्चित मुनाफाबाट लाभाँश दिन सकिनेछ । योजनाले हरेक वर्ष मुनाफा दिने सुनिश्चितता भने हुँदैन ।

(२) **योजना अन्तर्गतको लक्ष्य प्राप्त गर्नका लागि असर पर्ने तत्वहरुमा सरकारी नीतिहरु, बजारको अवस्था, बजारलाई असर पार्ने तत्वहरु, बजारमा परिवर्तन भैरहने ब्याज दर, ब्यवसाय गरीने धितोपत्रको सङ्ख्या, राफसाफ गरिने पद्दति आदिले असर पार्ने सम्बन्धमा :**
सामूहिक लगानी कोष सम्बन्धी कानूनी ब्यवस्था तथा नीतिहरुमा कुनै परिवर्तन भएमा योजना सञ्चालन तथा सोको प्रतिफलमा समेत सोही अनुरुप असर पर्ने हुन्छ । साथै बजारको अवस्था, बजारलाई असर पार्ने तत्वहरुले समेत योजनामा असर पार्ने हुन्छ । योजनाले धितोपत्र बजारमा सूचिकृत धितोपत्रमा लगानी गर्ने र बजारको अवस्था हेरी योजनाको नाममा धितोपत्र खरीद बिक्री गर्ने हुँदा सोको राफसाफ प्रकृयाले योजनाको रकम प्राप्त गर्न लाग्ने समय निर्भर हुन्छ । ढिलो गरी रकम प्राप्त हुने अवस्थामा उक्त रकमबाट आर्जन हुन सक्ने ब्याज आम्दानीमा घटबढ हुन गई योजनाको आम्दानीमा असर पर्दछ । धितोपत्रको खरीद बिक्रीमा हुने ढिलाइले बजार जोखिम समेत आकर्षित हुन सक्दछ । साथै सामान्यतया वित्तीय क्षेत्रमा कायम हुने ब्याजदर र धितोपत्रको लगानी बीच विपरित सम्बन्ध (Inverse relation) हुने हुँदा सोको असर योजनाको खुद सम्पत्ति मूल्यमा समेत पर्न सक्दछ ।

(३) **रेटिङ्ग कम्पनीले दिएको रायले खुद सम्पत्ति मूल्यको स्थीरताको सुनिश्चितता नगर्ने कुरा सम्बन्धमा :**
रेटिङ्ग कम्पनीले कुनै समयको विवरणको आधारमा रेटिङ्ग गर्ने हुँदा उक्त समयमा दिइएको रायले योजनाको खुद सम्पत्ति मूल्यको स्थीरताको सुनिश्चितता गर्दैन ।

(४) **ब्याजदर परिवर्तनबाट हुने जोखिम सम्बन्धमा :**
योजनाको कुल रकम मध्ये केही रकम बैंक निक्षेप तथा बण्ड/डिवेन्चरहरुमा समेत लगानी गरिने हुँदा निक्षेपमा प्राप्त हुने ब्याजदरमा परिवर्तन हुँदा योजनाको आयमा समेत असर पर्दछ । सम्पत्तिको मूल्याङ्कन (Valuation) प्रचलित ब्याजदरलाई आधार मानी गरिने हुँदा प्रचलित ब्याजदरमा हुने परिवर्तनले योजना अर्न्तगतको सम्पत्तिको मूल्याङ्कनमा समेत परिवर्तन हुन्छ ।

(५) **योजना शुरु गर्ने बेलामा भएको खर्च तथा बार्षिक खर्च आदिले खुद सम्पत्ति मूल्यमा प्रभाव पार्ने सम्बन्धमा :**
योजना अन्तर्गतका इकाईहरु बिक्रीका लागि बोर्डमा दर्ता गराउने, विवरण पुस्तिका स्वीकृत गरी बिक्री खुल्ला गर्ने, बिक्री बन्द गर्ने, बाँडफाँट गर्ने, नेपाल स्टक एक्सचेन्जमा सूचिकृत गराई दोस्रो बजारमा कारोवारको ब्यवस्था गराउने, सूचीकरण तथा वार्षिक नवीकरण गर्ने, योजनाको लेखापरीक्षण गराउने, योजनाको विज्ञापन गर्ने, कानुनी सेवा लिने, सामूहिक लगानी कोष नियमावली, २०६७ मा भएको ब्यवस्था बमोजिम योजना सम्बन्धी सूचना प्रकाशित गर्ने आदि कार्यका लागि लाग्ने खर्चहरु योजनाको कुल सम्पत्ति मूल्यबाट कट्टा गरी योजनाको खुद सम्पत्ति मूल्य गणना गरिने हुँदा यस्ता खर्चहरुले योजनाको खुद सम्पत्ति मूल्यमा केही प्रभाव पार्दछ ।

(६) **इक्वीटीसम्बन्धी जोखिममा यसका उपकरणहरुले कम्पनी र बजार दुबैका जोखिम बोकिरहेका हुन्छन् भन्ने कुरा उल्लेख गर्ने :**
योजनाले इक्वीटीमा आधारित उपकरणमा गरेको लगानीको सुरक्षा र प्रतिफल कम्पनीको अवस्था र बजारको स्थितिमा निर्भर रहनेहुँदा यस्ता उपकरणहरुमा भएको लगानीमा यी दुबै किसिमका जोखिमहरु अर्न्तनिहित रहेका हन्छन् ।

(७) **ऋण जोखिमभित्र अर्को पक्षको ऋण फिर्ता गर्ने क्षमता तथा इच्छामा निर्भर गर्ने कुरा जस्तो की सरकारी धितोपत्रमा कुनै जोखिम नरहने कुरा :**
योजनाले सरकारी ऋणपत्रका अतिरिक्त अन्य क्षेत्रले जारी गर्ने ऋणपत्रहरुमा समेत लगानी गर्ने र यस्तो ऋणपत्रमा भएको लगानी फिर्ता हुने विषय ऋणपत्र जारी गर्नेको मनसाय र क्षमतामा समेत निर्भर रहनेहुँदा यस्तो ऋणपत्रमा गरेको लगानी सरकारी ऋणपत्रमा गरेको लगानी सरह सुरक्षित र जोखिम रहित हुँदैन ।

(८) **तरलता जोखिम सम्बन्धमा सो धितोपत्र कति बिक्री गर्न योग्य वा सहज छ त्यतिनै तरलता आउने बारे उल्लेख गर्ने :**
योजनाले धितोपत्रमा गरेको लगानीलाई तरल सम्पत्तिमा परिणत गर्ने बिषय लगानी गरिएको धितोपत्रकै तरलतामा निर्भर रहनेहुँदा योजनाको तरलतामा धितोपत्रमा भएको लगानीको जोखिम विद्यमान रहन्छ ।

(९) **ब्याजदरमा हुने जोखिम यसको गतिविधिमा निर्भर गर्छ भन्ने कुरा जस्तो की सरकारले ऋण लिएमा, मुद्रा स्फीती भएमा आदि बारे :**
ब्याजदरमा परिवर्तन हुने जोखिम अर्थतन्त्रमा हुने गतिविधिमा निर्भर गर्दछ । विभिन्न आर्थिक उतारचढावको असर ब्याजदरमा समेत पर्न सक्छ र यस अवस्थामा ब्याजदरको परिवर्तनबाट हुने जोखिम योजनामा समेत पर्न सक्दछ ।

(१०) **पुर्नलगानी जोखिम यथावत रहने कारणमा ब्याज दरमा भएको अनिश्चितताका कारण तथा ऋणपत्रको सट्टामा कुपन प्राप्त हुने र सोही कुपन पुर्नलगानीमा प्रयोग हुने हुँदा पुर्नलगानी जोखिम बारे खुलाउने :**
ऋणपत्रमा तथा बैंक निक्षेपमा गरेको लगानीबाट प्राप्त ब्याज आम्दानी पुन लगानी गरिने हुन्छ । यदि ब्याजदरमा परिवर्तन भएमा यसरी प्राप्त ब्याज रकम पुर्नलगानी गर्दा उत्तिकै प्रतिफल प्राप्त गर्न नसकिने जोखिम रहन सक्दछ ।

(११) **योजना अन्तर्गत लगानी गरिने बिभिन्न प्रकारका धितोपत्रहरुले बिभिन्न प्रकारका जोखिम बहन गर्ने कुरा जस्तो की सरकारी ऋणपत्र भन्दा ब्यापारिक कम्पनीले जारी गरेका ऋणपत्रहरुमा बढी जोखिम रहने कुरा :**
योजनाले बिभिन्न प्रकारको धितोपत्रमा लगानी गर्ने हुन्छ । यी धितोपत्रहरुमा शेयर, अग्राधिकार शेयर, डिवेन्चर, सरकारी ऋणपत्र आदि हुन्छन् । यी धितोपत्रको प्रकृतिको आधारमा शेयरको तुलनामा अग्राधिकार शेयर त्यसपछि संस्थागत डिवेन्चर कम जोखिमपूर्ण हुन्छन् भने सरकारी ऋणपत्रलाई जोखिम रहित धितोपत्र मानिन्छ । योजनाले यस्ता धितोपत्रमा गरेको लगानीमा लगानी अनुपात अनुरुपको जोखिम रहन्छ ।

(१२) **योजनाले लगानी गर्ने अन्य उपकरणहरु जस्तै डेरिभेटिप्स्, फ्युचर, अप्सन आदिमा निहित जोखिमहरु बारे उल्लेख गर्ने :**
योजनाले यस्ता उपकरणहरुमा लगानी गर्ने उद्देश्य राखेको छैन । भविष्यमा यस्ता उपकरणहरुमा लगानी गर्ने अवसर उपलब्ध भएमा बोर्डको स्वीकृतिमा लगानी गर्न सकिनेछ । त्यस्तो अवस्थामा यस्ता उपकरणहरुमा निहित जोखिम तत्वको असर योजनाको जोखिम तथा प्रतिफलमा समेत पर्न सक्छ ।

(१३) **योजनाको लगानी परिवर्त्य विदेशी मुद्रा वा सोमा आधारित उपकरणहरुमा लगानी गर्ने भएमा विदेशी मुद्रा विनिमय दरमा आउने परिवर्तनबाट हुने जोखिम बारे उल्लेख गर्ने :**
योजनाले हाल यस प्रकारको उपकरणहरुमा लगानी गर्ने उद्देश्य राखेको छैन । यस्ता उपकरणमा लगानी गर्ने अवसर प्राप्त भएको अवस्थामा बोर्डको स्वीकृति लिई लगानी गरिनेछ । त्यसरी लगानी गरिएको अवस्थामा विदेशी मुद्रा परिवर्तनबाट हुने जोखिम योजना र यसको प्रतिफलमा समेत रहन्छ ।

(१४) **योजनाको अवधिभर सोको मूल्य बृद्धिको अवसर रहने तर सोको बोनश नपाउने बारे :**
योजनाको कार्यसम्पादनको आधारमा योजनाअन्तर्गतका इकाईहरुको मूल्य बृद्धि हुने सम्भावना रहन्छ । योजनाले प्राप्त गरेको प्रतिफलको आधारमा इकाईधनीहरुलाई योजनाले नगद लाभाँश वितरण गर्न सक्ने अवस्था हुन्छ । तथापि योजनाले कुनै प्रकारको बोनश भने वितरण गर्ने छैन ।

(ग) जोखिम ब्यवस्थापनको लागि ब्यवस्थापन (कोष ब्यवस्थापक) को धारणा :

(१) योजनाको लगानीमा हुने जोखिम ब्यवस्थापनका लागि कोष ब्यवस्थापक सदैव सचेत रही बजारमा उत्पन्न हुने जोखिमहरुको निरन्तर अध्ययन गरी जोखिम ब्यवस्थापनका लागि उपयुक्त उपाय अवलम्बन गरिनेछ ।
(२) सवल तथ्याङ्क प्रणालीको विकास गरी पर्याप्त अध्ययन अनुसन्धानका आधारमा लगानी गर्ने ब्यवस्था तथा प्रकृयाको विकास गरिनेछ ।
(३) धितोपत्रमा लगानी गर्नुपूर्व उक्त धितोपत्र र सम्बन्धित कम्पनीको सम्बन्धमा पर्याप्त विश्लेषण गरेर मात्र लगानीसम्बन्धी निर्णय गरिनेछ । यसका लागि विभिन्न वित्तीय विश्लेषणका लागि उपलब्ध अभ्यास तथा उपकरणहरुको उपयोग गरिनेछ ।
(४) बजारको अवस्था तथा जोखिम पक्षलाई ध्यानमा राखी धितोपत्रमा गरिएको लगानीलाई उपयुक्त समयमा तरल सम्पत्तिमा परिणत गर्ने तथा तरल सम्पत्तिलाई लगानीमा परिणत गर्ने प्रक्रिया निरन्तर अवलम्बन गरिनेछ ।
(५) लगानीमा जोखिम न्यूनीकरण गर्न र लगानीमा समयोचित प्रतिफल प्राप्त गर्न आवश्यकता र अवसर अनुरुप निरन्तर लगानी विविधिकरणको प्रक्रिया अबलम्बन गरिनेछ ।
(६) तरलता व्यवस्थापनमा सदैव उच्च सतर्कता अपनाइनेछ ।

२२. इकाईको बाँडफाँट, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी व्यवस्था :

१. योजनाको सम्पूर्ण इकाई बिक्रीका लागि निवेदन प्राप्त भएमा बिक्री खुला राख्नुपर्ने न्यूनतम अवधि ब्यतित भएपछि योजना ब्यवस्थापक/निष्कासन तथा बिक्री प्रबन्धकले जुनसुकै समयमा सूचना प्रकाशन गरी इकाई बिक्री बन्द गर्न सक्नेछ ।
२. बिक्री खुल्ला भएको निवेदन दिने अवधि तथा बोर्डबाट थप भएको अवधिभित्र कम्तिमा पचास प्रतिशत इकाई खरीद गर्न निवेदन प्राप्त भएमा इकाईको बाँडफाँट गरिनेछ ।
३. यस विवरण पुस्तिकाअनुसार इकाई बिक्री खुल्ला अवधिसम्म पनि आह्वान गरेको न्यूनतम पचास प्रतिशत इकाई खरिद गर्नको लागि आवेदन प्राप्त नभएमा योजना खारेज गरी पन्ध्र दिनभित्र निवेदकहरुको रकम फिर्ता गरिनेछ ।
४. इकाई बाँडफाँट गर्दा यस विवरण पुस्तिकामा उल्लेखित अधिकतम सिमासम्मकोमात्र इकाई बाँडफाँट गरिनेछ । तर यस विवरण पुस्तिका मार्फत निष्कासन गरिएको भन्दा बढी सङ्ख्यामा इकाई माग भएमा निष्कासन गरिएको इकाई सङ्ख्याको पच्चीस प्रतिशतसम्म थप गरी इकाई बाँडफाँट गरिनेछ ।
५. इकाईको बाँडफाँट सम्बन्धी अन्य व्यवस्था प्रचलित धितोपत्र निष्कासन तथा बाँडफाँट निर्देशिका, २०७४ बमोजिम हुनेछ ।
६. योजनाका इकाईहरु नेपाल स्टक एक्सचेन्ज लि.मा सूचीकरण तथा सि.डि.एस. एण्ड क्लिरिङ्ग लि. मा दर्ता गराई दोस्रो बजारमा कारोबारको व्यवस्था मिलाइनेछ ।

२३. आवेदन दिदाँ ध्यान दिनुपर्ने कुराहरु :

१. योजनाको इकाई खरिदका लागि आवेदन दिंदा आवेदन फाराममा आफुले लिन चाहेको इकाई संख्या तथा रकम स्पष्ट रुपमा भरी बुझाउनु पर्दछ । योजनाका इकाईहरु खरीद गर्दा न्यूनतम १०० इकाई तथा सो भन्दा माथि १० को गुणांकमा अधिकतम २० लाख इकाईसम्म खरीद गर्न सकिनेछ । आवेदन फारामसाथ आवेदन वापतको शत्प्रतिशत रकम भुक्तानी गर्नुपर्नेछ ।
२. योजना निष्कासन सम्बन्धि विवरण पुस्तिका, योजना ब्यवस्थापकको प्रबन्धपत्र तथा नियमावली तथा अन्य सम्वन्धित कागजातहरु योजना ब्यवस्थापकको कार्यालयमा गई हेर्न सकिनेछ ।
३. आवेदकले आवेदन फाराममा आफ्नो हितग्राहि खाता नम्बर अनिवार्य रुपमा खुलाउनु पर्नेछ । नाबालकका हकमा नाबालकको हितग्राहि खाता नम्बर उल्लेख गर्नु पर्नेछ ।
४. एक व्यक्ति वा संस्थाले एकभन्दा बढी आवेदन गर्न सक्ने छैन र त्यस्तो पाईएमा आवेदन रद्द गर्न सकिनेछ ।
५. नेपाल धितोपत्र बोर्डबाट सहभागी बैंकको अनुमति प्राप्त बैंक तथा वित्तीय संस्था मध्ये आफ्नो खाता रहेको बैंक वित्तीय संस्थाबाट आस्वा (ASBA) प्रणाली अन्तर्गत मात्र आवेदन गर्न सकिनेछ । सहभागि बैंकहरुले रु.१०,००,०००/- वा सो भन्दा बढी दरखास्त दिन आवेदकको प्यान नं. रहेको तथा आवेदन वापत जम्मा गरेको रकम सम्पत्ति शुद्धिकरण ऐनको वर्खिलाप हुने गरि आर्जन नगरेको भनि उद्घोषण गरेको यकिन गर्नुपर्नेछ ।
६. योजनाको कार्य प्रगति सम्वन्धमा जानकारी प्राप्त गर्ने, योजनाले वितरण गरेको लाभांश प्राप्त गर्ने, योजनाको संचालन तथा खारेजी सम्बन्धमा आफ्नो मत राख्ने, योजना सम्बन्धमा आफ्ना गुनासा राख्ने जस्ता अधिकार प्राप्त गर्दछन् भने योजनाले लगानी गरेका कम्पनीहरुको शेयरधनीले प्राप्त गर्ने अधिकार इकाईवालालाई प्राप्त हुँदैन ।
७. यस विवरण पुस्तिकामा उल्लेख गरिएको निकाय बाहेक अन्यले यस योजनाको विज्ञापन गर्न, जानकारी उपलब्ध गराउन वा प्रतिनिधित्व गर्न नपाउने हुँदा लगानीकर्ताले तोकिएका सहभागी बैंकहरुबाट नै इकाई खरीदका लागि आवेदन गर्नुपर्दछ ।
८. लगानीकर्ताले इकाईमा लगानी गर्नुअघि यस विवरण पुस्तिकाको राम्ररी अध्ययन गर्नु पर्दछ ।

२४. विवरणपत्र पाईने स्थानहरु :

क्र.सं.	विवरणपत्र प्राप्त गर्ने स्थानको नाम र ठेगाना
१.	सि.वि.आई.एल. क्यापिटल लिमिटेड, बाटुलेघर, डिल्लीबजार, काठमाडौं, नेपाल र वेवसाइट : www.cbilcapital.com
सि.नं.	**दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान**
१.	नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण आस्बा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यालयहरु ।

२५. ईकाइ बिक्री खुला गरिने मिति तथा अवधि :

बोर्डबाट विवरण पुस्तिका स्वीकृत भए पश्चात् इकाईको लागि निवेदन दिन पाउने अवधि बिक्री खुल्ला भएको मितिबाट १५ दिनसम्म रहन सक्नेछ । तर उक्त अवधिभित्र सम्पूर्ण इकाई बिक्री नभएमा बोर्डको स्वीकृति लिई बढीमा १५ दिनसम्म निवेदन दिन पाउने अवधि थप गर्न सकिनेछ । बिक्री खुला अवधि कम्तिमा ५ कार्य दिनका लागि हुने भएतापनि प्रत्येक विकास क्षेत्रमा कम्तिमा एक सङ्कलन केन्द्र रहने गरी कम्तिमा १० सङ्कलन केन्द्रको व्यवस्था गरी आवेदन प्राप्त गर्दा निष्काशित इकाई भन्दा बढी इकाईका लागि आवेदन प्राप्त भएको अवस्थामा निवेदन दिने अवधि ४ कार्यदिनमा सिमित गर्न सकिनेछ ।

२६. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :

योजना निष्कासनका वखत उत्पन्न हुनसक्ने गुनासाहरुलाई सम्बन्धित सङ्कलन केन्द्र तथा योजना ब्यवस्थापकको कार्यालयबाट समाधान गर्ने व्यवस्था मिलाइनेछ । साथै योजना ब्यवस्थापकले योजना सञ्चालनको क्रममा सहभागीहरुको बीचमा वा योजना र सहभागीहरुका बीचमा कुनै विवाद उठेमा त्यसको समाधानका लागि योजना ब्यवस्थापकका अपरेशन इन्चार्ज, श्री सुसेन बहादुर पाण्डेलाई नियम पालना अधिकृतको रुपमा नियुक्त गरेको छ । नियम पालना अधिकृतले प्राप्त गुनासो सुन्ने, सोको समाधानका उपायहरु पहिचान गर्ने र सामान्य प्रकारका गुनासाहरुलाई कानुन सम्मत तरिकाले आफ्नै तहबाट समाधान गर्नेछ । यसरी समाधान हुन नसक्ने तथा जटिल प्रकृतिका गुनासो प्राप्त भएमा सम्भव भएसम्म योजना ब्यवस्थापकबाट र सम्भव नभएमा कोष सुपरिवेक्षक समक्ष राखी सोको समाधान गरिनेछ । लगानीकर्ताहरुले देहाय बमोजिमको माध्यम मार्फत आफ्नो गुनासो तथा सुझाव प्रेषित गर्न सक्नेछन्ः फोन नं. ४४१७७२३/४४१८६६७, E-mail: info@cbilcapital.com

निष्कासन तथा बिक्री प्रबन्धकः

CBIL Capital Ltd.
सि वि आई एल क्यापिटल लि.
Spreading Prosperity, Enriching Lives.
बाटुलेघर, डिल्लीबजार, काठमाडौं, नेपाल
फोनः ४४१७७२३/४४१८६६७ फ्याक्सः ४२३९३०६
इमेलः info@cbilcapital.com वेभसाइटः www.cbilcapital.com